पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

EX: पो.ब.नं. :३९८७
सिंहदरबार, काठमाण्डौ

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

## वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद्को दोस्रो बैठक सम्बन्धी प्रेस नोट

वातावरण संरक्षण ऐन, २०७६ मा व्यवस्था भए अनुसार गठन गरिएको वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद्को दोस्रो बैठक सम्माननीय प्रधानमन्त्री एवं परिषद् अध्यक्ष श्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूको अध्यक्षतामा मिति २०८०।०५।२९ गते प्रधानमन्त्री निवास बालुवाटारमा सम्पन्न भयो ।

बैठकमा परिषद्का सदस्यहरु (नेपाल सरकारका मन्त्रीज्यूहरू, प्रदेशका सरकारका मुख्यमन्त्रीज्यूहरू, राष्ट्रिय योजना आयोगको वातावरण हेर्ने सदस्य, वन तथा वातावरण र जलवायु विज्ञानका प्राध्यापक र विज्ञहरू) ले सहभागिता जनाउनु भयो । उक्त अवसरमा पहिलो बैठकका निर्णय र कार्यान्वयनको अवस्था, न्यूयोर्कमा आयोजना हुन गैरहेको Climate Ambition Summit मा नेपालको सहभागिता, जलवायु वित्तमा पहुँच अभिवृद्धि गर्ने, जलवायु अनुकूलन तथा न्यूनीकरणका राष्ट्रिय लक्ष्य तथा कार्यक्रमलाई प्राथमिकताकासाथ कार्यान्वयन गर्ने र विश्व जलवायु सम्मेलन २०२३ (कोप २८) मा नेपालको सहभागिता र तयारी विषयमा छलफल भयो ।

छलफलमा भाग लिँदै माननीय मन्त्रीहरू, प्रदेशका माननीय मुख्यमन्त्रीहरू, राष्ट्रिय योजना आयोगका माननीय सदस्य र परिषद्का प्राध्यापक र विज्ञ सदस्यहरूले नेपालले जलवायु संकटका साथै गरीबी, खाद्य असुरक्षा, प्रदुषण तथा जैविक विविधतामा भई रहेको ह्रासलाई एकीकृत, समन्वयात्मक ढंगले तत्काल र दीर्घकालीन रूपमा गर्नुपर्ने कार्यहरुलाई योजना बनाएर उत्सर्जन न्यूनीकरण, अनुकूलन, उत्थानशिल समुदाय तथा पारिस्थीतिकिय प्रणालीको संरक्षण सम्वन्धी कार्यहरु गर्नु पर्ने कुरा औंल्याउँदै आगामी दिनमा जलवायु परिवर्तन सम्वन्धी कार्य गर्न तीनै तहका सरकारहरूको बिचमा आवश्यक समन्वय तथा सहकार्य हुनु पर्नेमा जोड दिनुभयो ।

परिषद्को बैठकमा नेपाल लगायतका अल्पविकसित मुलुकहरूले जलवायु अनुकूलनको विश्वव्यापी लक्ष्यमा देखिने गरी प्रगति र सोही अनुसार प्रतिफल सुनिश्चित गर्ने, अनुकूलनको लागि दोव्वर घोषणा गरिएको वित्तको प्रवाह सार्वजनिक माध्यमद्वारा अनुदान स्वरूप प्रदान गर्ने, पर्वतीय राष्ट्रहरुको मागलाई जोडदार रुपमा उठाउन सरकारले तयारी गर्नुपर्ने र हानि तथा नोक्सानी वित्तलाई गरीव, विपन्न, घाईते र अपांग, सहिद परिवार, आदिवासी, महिला, मुस्लिम, थारु, दलितहरूको क्षतिपूर्तिको मागलाई जोडदार रूपमा उठाउन नेपालले नेतृत्व लिनु पर्नेमा उहाँहरूले जोड दिनुभयो ।

बैठकमा सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूले क्षेत्रीय तथा विश्वव्यापी जलवायु परिवर्तनको कारण नेपाल उच्च जोखिममा रहेको बताउँनु भयो । तापक्रम वृद्धि तथा वर्षामा आउने व्यापक फेरबदल, प्रकोप तथा विपदमा वृद्धि र अतिशय घटनाका कारण नेपाली जनताले बहुपक्षीय चुनौतीहरूको सामना गर्नु परेको विषयलाई ध्यानमा राखी नेपाल सरकारले जलवायु परिवर्तन तथा

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ।

नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय

EX: पो.ब.नं. :३९८७
सिंहदरबार, काठमाण्डौ

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

वातावरण संरक्षणलाई उच्च प्राथमिकतामा राखेको र सोहि अनुरुप परिषद्को बैठकमा महत्वपूर्ण छलफल भएको बताउनु भयो।

सम्माननीय प्रधानमन्त्रीले यही २० सेप्टेम्बर २०२३ का दिन संयुक्त राष्ट्रसंघको मुख्यालय न्यूयोर्कमा हुन लागेको जलवायु महत्त्वाकांक्षी शिखर सम्मेलन (Climate Ambition Summit) मा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्ने र यो सम्मेलनमा जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनमा सरकार, निजीक्षेत्र, नागरिक समाज र स्थानीय सरोकारवालाहरूले गरेका उल्लेखनीय कामको प्रस्तुति र नवीकरणीय ऊर्जा तथा जलवायु उत्थानशीलतामा जोड दिइने विचार व्यक्त गर्नुभयो। उक्त शिखर सम्मेलनमा विश्व तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सिमित गर्न विश्वका धनी र विकसित राष्ट्रहरूलाई आफ्नो प्रतिबद्धताको जिम्मेवारी र पारदर्शिताका साथ पालनाका लागि नेपालले पैरवी गर्ने, अनुकूलन वित्त परिचालनमा जोड दिनु पर्ने विषयलाई नेपालले प्राथमिकताका साथ उठाउने सम्माननीय प्रधानमन्त्रीज्यूले बताउनु भयो।

जलवायु परिवर्तन सम्वन्धी अन्तर्राष्ट्रिय प्रारूप महासन्धिका पक्ष राष्ट्रहरूको सन् २०२३ नोभेम्बर ३० देखि डिसेम्बर १२ सम्म संयुक्त अरब ईमिरेट्सको दुवईमा आयोजना हुने विश्व जलवायु सम्मेलन (कोप २८) को सन्दर्भमा सम्माननीय प्रधानमन्त्रीज्यूले नेपालले उठाउनु पर्ने विषयहरूमा परिषद्को बैठकमा उठेका विषय र सुझावलाई मध्यनजर गरी समग्र राष्ट्र र जोखिममा रहेका जनताको हितमा केन्द्रित हुन आवश्यक रहेको र अनुकूलन र हानि तथा नोक्सानी वित्तलाई संस्थागत गर्ने, वित्त व्यवस्था सुनिश्चितता गर्न पहल गर्ने र पर्वतीय राष्ट्रहरूको समस्याको पहिचान र संबोधनमा विश्वको ध्यानाकर्षण गर्न ठोस पहल गर्ने र त्यसको नेतृत्व नेपालले गर्ने गरी तयारी गर्नका लागि वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिनुभयो।

बैठकले जलवायु वित्तमा पहुँच वढाउन सबै निकायले अधिकतम प्रयास गर्ने तथा प्राप्त सहायताबाट संचालित आयोजनाहरुको कार्यान्वयनलाई तिब्रता दिने, जलवायु वित्तमा पहुँच र परिचालनका लागि नेपालको संस्थागत सुधार तथा क्षमता अभिवृद्धिमा जोड दिने, जलवायु परिवर्तन सम्वन्धी राष्ट्रिय लक्ष्य र कार्यक्रमलाई आ-आफ्नो आवधिक तथा वार्षिक नीति तथा योजनामा समावेश गर्न संघ, प्रदेश र स्थानीय तहलाई अनुरोध गर्ने, अन्तरनिकाय समन्वय र सहकार्यमा वृद्धि गर्ने र दुवईमा आयोजना हुने विश्व जलवायु सम्मेलन-२०२३ (कोप २८) मा नेपालको प्रभावकारी सहभागिताका लागि आवश्यक तयारी गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने समेतका निर्णयहरू गरेको छ।

मिति: २०८०।०५।२९

डा.दीपक कुमार खराल
परिषद् सदस्य-सचिव एवम् नेपाल सरकारको सचिव